# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७५/७६
च. नं.

**सूचनाको हक कार्यान्वयन सम्बन्धमा नमोबुद्ध नगरपालिका काभ्रेका स्थानीय तहका जनप्रतिनिधी, समुदाय, समूह लगायतसँग अन्तरक्रिया कार्यक्रमको विज्ञप्ती**

आज सूचनाको हक कार्यान्वयनका लागि नमोबुद्ध नगरपालिका काभ्रेका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी, समुदाय र समूह लगायतसँग सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका शाखा अधिकृत हरिहर कार्कीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजन पौडलेले सूचना मागेर दिनु भन्दा स्वतः प्रवाह गर्दा नागरिकप्रति राज्य जिम्मेवारी रहने कुरा बताउनु भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि नमोबुद्ध नगरपालिकाका मेयर टि.पि. शर्मा तिमल्सिनाले गर्नुभएको थियो ।

सूचनाको हकको बारेमा जान्नैपर्ने महत्वपूर्ण जानकारी विषयक कार्यपत्र आयोगका उप सचिव श्री कपिलप्रसाद उपाध्यायले प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी कार्यक्रको उद्देश्य, सूचनाको हकको महत्व, सान्दर्भिकता, सूचनाको हकसँग जोडिएर आउने गोपनीयताको हकको बारेमा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात नमोबुद्ध नगरपालिकाका सूचना अधिकारीले जिज्ञासा राख्ने क्रममा सूचना माग्न आउने व्यक्तिले व्यक्तिगत स्वार्थको निमित्त सूचना माग्ने विचार व्यक्त गर्नुभयो सो सम्बन्धमा यस कार्यक्रमबाट सबै प्रष्ट भएको बिचार राख्नुभयो ।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना प्रवाह स्वत भएको खण्डमा सूचना माग्न कोही पनि नआउने भएकाले सबै कार्यालयहरुले प्रत्येक तीन/तीन महिनामा स्वतःप्रकाशन गनुपर्ने, सूचना माग गरेको बखत सूचना उपलब्ध गराउनुपर्ने जस्ता विषयहरुमा आफ्नो धारणा राख्नुभएको थियो । त्यसैगरी कार्यक्रममा प्रमुख अतिथि नमोबुद्ध नगरपालिकाका मेयर टि.पि. शर्मा तिमल्सिनाले हाम्रो स्थानीय तहमा भएका कामकारवाही पारदर्शी रुपले नै सूचना प्रवाह गर्ने गरेको, वेवसाइट, सूचना पार्टी लगायत अन्य विभिन्न स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रवाह गरिरहेको कुरा बताउनुभयो । सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचना दिदा जनप्रतिनिधिको लोकप्रियता अभिवृद्धि हुने बताउनुभयो । सूचनाको हक कार्यान्वयन हुँदा स्थानीय तहको कामलाई जनताले परीक्षण गर्ने अवसर प्राप्त हुने धारणा राख्नुभयो । सूचना लुकाउनेभन्दा सूचनालाई जनतासम्म पुऱ्याउने जनप्रतिनिधिको गरिमा बढ्ने उहाँले दाबी गर्नुभयो । उल्लेख्य सहभागिता रहेको सो कार्यक्रम ११:३० देखि ३:३० बजे सम्म सञ्चालन भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ पौष १० गते शुक्रबार